# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना १

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-८ को क्रम सङ्ख्या ६५ मा उल्लिखित लगानी (इन्भेष्टमेन्ट) कम्पनी स्थापना गर्दा पालना गर्नु पर्ने विषय तथा शर्त देहाय बमोजिम तोकेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. उद्योगका रुपमा इन्भेष्टमेन्ट कम्पनी दर्ता गर्दा लगानी गरिने उद्योगको क्षेत्र तोकेर मात्र उद्योग दर्ता गर्नु पर्ने,

२. विदेशी लगानीको इन्भेष्टमेन्ट कम्पनीले उद्योग दर्ता गर्दा लगानी गरिने क्षेत्र नेपालभित्र मात्र हुने गरी तोक्नु पर्ने,

३. विदेशी लगानीको इन्भेष्टमेन्ट कम्पनीको उद्योग दर्ता गर्दा सो कम्पनीको अन्तिम हिताधिकारी (Ultimate Beneficiary) खुलेको विवरण अनिवार्य संलग्न गराउनु पर्ने,

४. इन्भेष्टमेन्ट कम्पनी दर्ता गर्दा उद्योग दर्ता गर्ने निकायले प्रचलित कानूनमा तोकिएका शर्तका अतिरिक्त देहायका शर्तहरु तोक्नुपर्ने:-

(क) प्रचलित औद्योगिक व्यवसाय ऐन अनुसार वर्गीकरण भएका उद्योगहरु तथा प्रचलित विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनले विदेशी लगानी गर्न खुला गरिएका उद्योगहरुमा मात्र लगानी गर्नु पर्ने,

(ख) इन्भेष्टमेन्ट कम्पनीले नेपालमा शेयर पूँजीको रुपमा मात्र लगानी गर्न पाउने,

तर ऋण, ऋण सुविधा, बोन्ड, डिबेन्चर मार्फत लगानी गर्न नपाउने।

(ग) इन्भेष्टमेन्ट कम्पनीले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिमको कुनै पनि कार्य गर्न नपाउने,

(घ) विदेशी लगानीको इन्भेष्टमेन्ट कम्पनीले प्रत्येक लगानी गर्ने क्षेत्रका लागि उद्योग दर्ता गर्ने निकायबाट विदेशी लगानीको स्वीकृति लिनुपर्ने,

(ङ) इन्भेष्टमेन्ट कम्पनी उद्योगका रुपमा दर्ता हुन वा स्थापना हुन न्यूनतम लगानी एक अर्ब नेपाली रुपैयाँ हुनु पर्ने,

(च) विदेशी लगानीको इन्भेष्टमेन्ट कम्पनीले उद्योग दर्ता गर्दा नेपालमा गरिने लगानीको पूँजी विदेशी वा नेपाली मुद्रा कुनमा गरिने हो सो समेत खुलाउनु पर्ने,

(छ) कम्पनी दर्ता र नियमन प्रचलित औद्योगिक व्यवसाय ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुने,

(ज) विदेशी लगानीको इन्भेष्टमेन्ट कम्पनीले विदेशबाट रकम भित्र्याउँदा र रकम बाहिर लैजाँदा नेपाल राष्ट्र बैङ्क समय समयमा लिने नीति निर्देशन र प्रक्रियाको पालना गर्नु पर्ने,

(झ) स्वीकृत विदेशी लगानी वापतको रकम नेपाल भित्र्याउँदा प्रचलित विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन बमोजिमको प्रकृया पुर्‍याउनु पर्ने,

(ञ) इन्भेष्टमेन्ट कम्पनीले सहकारी ऐन बमोजिम स्थापित एवं सञ्चालित सहकारीहरुले गर्ने कार्य गर्न नपाउने,

(ट) Shell Company बाट लगानी गर्न र Shell Bank सँग आर्थिक कारोबार गर्न नपाइने,

(ठ) इन्भेष्टमेन्ट कम्पनीले स्टक एक्सचेन्ज लिमिटेडको दोस्रो बजार मार्फत शेयर डिबेन्चर खरिद गर्न नपाउने,

(ड) इन्भेष्टमेन्ट कम्पनीले धितोपत्र दलाल, बजार निर्माता, रियल स्टेट कारोबार जस्ता क्षेत्रमा लगानी गर्न नपाउने,

(ढ) इन्भेष्टमेन्ट कम्पनीले स्वदेशी बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन नपाउने र विदेशी बैङ्कको बैङ्क ग्यारेन्टीको आधारमा स्वदेशी बैङ्कबाट ऋण नपाउने ।

## सूचना २

नेपाल सरकारले कोभिड-१९ लगायत सङ्क्रामक रोग विरुद्धको खोप (भ्याक्सिन) उत्पादन गर्न इच्छुक उद्योगलाई वित्तीय सहुलियत तथा छुट, क्लिनिकल ट्रायल स्वीकृति प्रदान, खोपको बजार मूल्य निर्धारण, पर्चेज ग्यारेण्टी तथा शर्त र सोको कार्यान्वयन विधि देहाय बमोजिम तोकेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. सङ्क्रामक रोग विरुद्धको खोप (भ्याक्सिन) उत्पादन गर्न इच्छुक उद्योगलाई वित्तीय सहुलियत तथा छुटः-

(क) कोभिड-१९ लगायत सङ्क्रामक रोग विरुद्धको खोप (भ्याक्सिन) उत्पादन गर्ने उद्योग स्थापनाका

लागि आधार दर (Base rate)मा कर्जा, ब्याज पुँजीकरण सुविधा, परियोजनामा आधारित कर्जा, विशेष पुनरकर्जाको दरमा सहुलियतपूर्ण कर्जा तथा कर्जा नवीकरण सुविधा उपलब्ध गराउने,

(ख) खोप उत्पादन गर्ने उद्योग सञ्चालनमा आएको मितिदेखि पहिलो पाँच वर्षसम्म विद्युत डिमाण्ड शुल्क छुट दिने र तत् पश्चात् उद्योग सञ्चालन क्षमताको आधारमा पुनरावलोकन गर्न सकिने,

(ग) खोप उद्योग आफैंले उद्योगसम्म पुग्ने सडक, खानेपानी, ढल सम्बन्धी पूर्वाधार निर्माण गरेमा खर्च भएको पचहत्तर प्रतिशतसम्म रकम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तर्जुमा गरेको कार्यविधि बमोजिम अर्थ मन्त्रालयले सम्बन्धित उद्योगलाई शोधभर्ना उपलब्ध गराउने,

(घ) खोप उद्योग आफैं वा नेपाल विद्युत प्राधिकरणबाट उद्योगस्थलसम्म डेडिकेटेड विद्युत लाईन विस्तार गरेमा लागेको खर्चको पचहत्तर प्रतिशतसम्म रकम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तर्जुमा गरेको कार्यविधि बमोजिम अर्थ मन्त्रालयले सम्बन्धित उद्योग वा नेपाल विद्युत प्राधिकरणलाई शोधभर्ना उपलब्ध गराउने,

(ङ) खोप उद्योग स्थापनाका लागि आवश्यक पर्ने मेशिन उपकरण पैठारी गर्दा स्वीकृत स्किम बमोजिम उद्योग दर्ता भएको मितिले तीन वर्षसम्म

भन्सार महशुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क पूरै छुट दिने,

(च) खोप उद्योग स्थापना भई सञ्चालन भएको मितिबाट पाँच वर्षसम्मका लागि विद्युत खपतको आधारमा दुई मेगावाटसम्म खपत भए चालीस प्रतिशत र दुई मेगावाटभन्दा बढी खपत भएमा बढीमा पचास प्रतिशतसम्म विद्युत महशुलमा छुट दिने । उक्त छुट बराबरको रकम अर्थ मन्त्रालयले नेपाल विद्युत प्राधिकरणलाई शोधभर्ना गराउने ।

२. खोप उद्योगलाई देहाय बमोजिम क्लिनिकल ट्रायल स्वीकृति प्रदान गर्ने:-

(क) नेपाल सरकारले जारी गरेको खोपको क्लिनिकल ट्रायल सम्बन्धी व्यवस्था बमोजिम नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले आवश्यक प्रक्रिया पूरा गरी कोभिड-१९ विरुद्धको खोपको तृतीय चरणको क्लिनिकल ट्रायल पूरा गर्न अनुमति दिने,

(ख) भ्याक्सिन स्तरीकरण र गुणस्तर प्रमाणीकरणको कार्य (Vaccine Standardization, Accreditation and Quality Certification c-GMP) मा औषधि व्यवस्था विभाग र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सहजीकरण गर्ने ।

३. खोपको बजार मूल्य निर्धारण, पर्चेज ग्यारेण्टी तथा शर्त देहाय बमोजिम हुने:-

(क) क्रमसङ्ख्या १ र २ बमोजिमको विशेष सहुलियत छुट तथा सुविधा प्राप्त गर्ने खोप (भ्याक्सिन)

उद्योगले प्रतिस्पर्धी उपभोक्ता मूल्य निर्धारण गरी मूल्य निर्धारणका आधार खुलाई औषधि व्यवस्था विभागको सिफारिस साथ क्रमसङ्ख्या ४ को खण्ड (ज) बमोजिमको समितिमा पेश गर्ने र समितिबाट समर्थन भएको मूल्य सार्वजनिकीकरण गरी लागू गर्ने,

(ख) यो सूचना बमोजिम सुविधा प्राप्त गर्ने उद्योगबाट उत्पादित देहाय बमोजिमका मापदण्ड पूरा गरेको खोप (भ्याक्सिन) राष्ट्रिय मागको बढीमा साठी प्रतिशतसम्म स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र सार्वजनिक निकायले खरिद गर्न सक्नेः-

(१) खरिद गरिने खोपको तृतीय चरणको क्लिनिकल ट्रायल (Phase-3rd Clinical Trial) पूरा भएको हुनुपर्ने,

(२) नेपालमा सह-उत्पादन भएका खोपको हकमा प्राथमिकरुपमा खोप उत्पादन भएको देशको नियामक निकायबाट स्वीकृति प्राप्त भएको हुनुपर्ने साथै उक्त देशमा प्रयोगमा आएको हुनुपर्ने,

(३) खोपको सुरक्षा र प्रभावकारिता विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड भन्दा बढी भएको हुनुपर्ने,

(४) विश्व स्वास्थ्य सङ्गठनद्वारा प्रयोगको लागि सूचीकृत भएको हुनुपर्ने,

(५) औषधि व्यवस्था विभागबाट स्वीकृति प्राप्त भएको हुनुपर्ने।

(ग) क्रम सङ्ख्या १, २,३ र४ बमोजिमको सुविधा तथा व्यवस्था भ्याक्सिनको साथै बायोलोजिकल्समा समेत आवश्यकता अनुसार प्रदान गर्न सकिने,

(घ) खण्ड (क) बमोजिमको मूल्य निर्धारण मापदण्ड पालना गर्ने उद्योगले मात्र यो विशेष सुविधा प्राप्त गर्ने,

(ङ) यो सूचना बमोजिम सुविधा लिने उद्योगले मूल्य निर्धारण तथा प्रचलित कानूनी व्यवस्था बमोजिम कार्य नगरेमा सुविधा स्थगन गरी दिइएको सहुलियत, छुट र सुविधा बराबरको रकम सरकारी बाँकी सरह असूल गर्ने।

४. विशेष सुविधा कार्यान्वयन विधि र खोप सम्बन्धी नियामक निकायको संस्थागत-प्राविधिक क्षमता स्तरोन्नति सम्बन्धी देहायको व्यवस्था स्वीकृत गर्ने:-

(क) यो सूचना बमोजिम विशेष सुविधा लिई खोप उद्योग स्थापना गर्न इच्छुक उद्योगले क्रमसङ्ख्या २ र ३ बमोजिमको विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग समझदारी (एमओयू) गर्ने,

(ख) क्रमसङ्ख्या १ र यो क्रमसङ्ख्या बमोजिमको सुविधाका लागि सम्बन्धित उद्योगले उद्योग विभागमा निवेदन दिने,

(ग) खोप उद्योग स्थापना गर्न इच्छुक उद्योगले पेश गरेको माग निवेदन तथा स्वीकृत स्किम बमोजिम

सहुलियत, छुट र सुविधा प्रदान गर्नका लागि उद्योग विभागले सम्बन्धित मन्त्रालय/निकायमा सिफारिस गरी पठाउने,

(घ) उद्योग विभागको सिफारिसका आधारमा यो सूचना बमोजिमको सहुलियत, छुट र सुविधा सम्बन्धित मन्त्रालय/निकायले सम्बन्धित उद्योगलाई उपलब्ध गराउने,

(ङ) उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य प्राथमिकता दिई स्वीकृत गर्ने,

(च) खोप उद्योग स्थापनाको लागि मुलुकमा उपलब्ध नभएको दक्ष प्राविधिक जनशक्ति विदेशबाट आपूर्ति गर्नु पर्ने अवस्थामा त्यस्तो जनशक्ति ल्याउन भिसा लगायतको अध्यागमन सेवा सहज तुल्याउने,

(छ) औषधि व्यवस्था विभाग, राष्ट्रिय औषधि प्रयोगशाला र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को अन्तराष्ट्रिय मापदण्ड बमोजिम हुने गरी स्तरोन्नति गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तत्काल आवश्यक प्रबन्ध मिलाउने,

(ज) खोपको उपभोक्ता मूल्य समर्थन, वित्तीय सहुलियत, छुट तथा सुविधा प्राप्ति, सुविधाको उपयोग र खोपको उत्पादन सम्बन्धमा सहजीकरण, समन्वय, अनुगमन तथा पुनरावलोकन गर्न देहाय बमोजिमको एक समिति गठन गर्नेः-

(१) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - संयोजक

(२) सहसचिव, अर्थ मन्त्रालय - सदस्य
(३) कार्यकारी प्रमुख, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् - सदस्य
(४) महानिर्देशक, औषधि व्यवस्था विभाग - सदस्य
(५) प्रतिनिधि, सम्बन्धित उद्योग - सदस्य
(६) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य-सचिव

## सूचना ३

नेपाल सरकारले तरल (लिक्विड) अक्सिजन ग्याँस उत्पादन गर्ने उद्योगलाई प्रदान गरिने वित्तीय सहुलियत, छुट तथा सुविधा, उद्योगले पालना गर्नु पर्ने शर्त, अक्सिजनको मूल्य निर्धारण र सो को कार्यान्वयन र अनुगमन विधि देहाय बमोजिम तोकेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. तरल (लिक्विड) अक्सिजन ग्याँस उत्पादन गर्ने उद्योगलाई देहाय बमोजिमको वित्तीय सहुलियत, छुट तथा विशेष सुविधा प्रदान गर्नेः-

(क) तरल अक्सिजन ग्याँस उत्पादन गर्ने उद्योगलाई विशेष पुनरकर्जाको दरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने,

(ख) तरल अक्सिजन उत्पादन गर्ने उद्योग सञ्चालनमा आएको मितिदेखि पहिलो पाँच वर्षसम्म विद्युत डिमाण्ड शुल्क छुट दिनेर तत्पश्चात उद्योग

सञ्चालन क्षमताको आधारमा पुनरावलोकन गर्न सकिने,

(ग) तरल अक्सिजन उद्योग आफैंले उद्योगसम्म पुग्ने सडक, खानेपानी, ढल सम्बन्धी पूर्वाधार निर्माण गरेमा खर्च भएको पचहत्तर प्रतिशत सम्म रकम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तर्जुमा गरेको कार्यविधि बमोजिम अर्थ मन्त्रालयले सम्बन्धित उद्योगलाई शोधभर्ना उपलब्ध गराउने,

(घ) तरल अक्सिजन उद्योग आफैं वा नेपाल विद्युत प्राधिकरणबाट उद्योगस्थलसम्म डेडिकेटेड विद्युत लाईन विस्तार गरेमा लागेको खर्चको पचहत्तर प्रतिशतसम्म रकम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तर्जुमा गरेको कार्यविधि बमोजिम अर्थ मन्त्रालयले सम्बन्धित उद्योग वा नेपाल विद्युत प्राधिकरणलाई शोधभर्ना गराउने,

(ङ) तरल अक्सिजन उद्योग स्थापनाका लागि आवश्यक पर्ने मेशिन उपकरण पैठारी गर्दा उद्योग दर्ता भएको मितिले तीन वर्षसम्म भन्सार महशुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छुट दिने,

(च) तरल अक्सिजन उद्योग स्थापना भई सञ्चालन भएको मितिबाट पाँच वर्ष सम्मका लागि विद्युत खपतको आधारमा दुई मेगावाटसम्म खपत भए चालीस प्रतिशत र दुई मेगावाट भन्दा बढी खपत भएमा बढीमा पचास प्रतिशतसम्म विद्युत महशुलमा छुट दिने । उक्त छुट बराबरको रकम

अर्थ मन्त्रालयले नेपाल विद्युत प्राधिकरणलाई शोधभर्ना गराउने।

२. छुट सुविधा प्राप्त उद्योगले पालना गर्ने शर्त तथा अक्सिजनको मूल्य निर्धारण देहाय बमोजिम हुने:-

(क) क्रमसङ्ख्या १ बमोजिमको विशेष सहुलियत छुट तथा सुविधा प्राप्त गर्ने तरल (लिक्विड) अक्सिजन उद्योगले प्रतिस्पर्धी उपभोक्ता मूल्य निर्धारण गरी मूल्य निर्धारणका आधार खुलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको सिफारिस साथ क्रमसङ्ख्या ३ को खण्ड (ङ) बमोजिमको समितिमा पेश गर्ने र समितिबाट समर्थन भएको मूल्य सार्वजनिकीकरण गरी लागू गर्ने,

(ख) हाल सञ्चालनमा रहेका पिएसए प्रविधिमा आधारित अक्सिजन ग्याँस उत्पादन गर्ने उद्योगले तरल अक्सिजन उत्पादन गर्ने गरी इकाई थप वा उत्पादन विविधिकरण गर्न चाहेमा छुट्टै लागत र स्वीकृत स्किमका आधारमा माथि उल्लिखित छुट, सुविधा र सहुलियत प्रदान गर्न सकिने,

(ग) क्रमसङ्ख्या २ को खण्ड (क) बमोजिमको मूल्य निर्धारण मापदण्ड पालना गर्ने उद्योगले मात्र यो विशेष सुविधा प्राप्त गर्ने,

(घ) यो सूचना बमोजिमको सुविधा लिने उद्योगले मुल्य निर्धारण तथा प्रचलित कानूनी व्यवस्था बमोजिम कार्य नगरेमा सुविधा स्थगन गरी दिईएको

सहुलियत, छुट र सुविधा बराबरको रकमसरकारी बाँकी सरह असुल उपर गर्ने ।

३. विशेष सुविधा कार्यान्वयन र अनुगमन विधि देहाय बमोजिम हुनेः-

(क) क्रमसङ्ख्या १,२ र ३ बमोजिमको सुविधाका लागि सम्बन्धित उद्योगले उद्योग विभागमा निवेदन पेश गर्नुपर्ने,

(ख) तरल अक्सिजन उद्योग स्थापना गर्न इच्छुक उद्योगले पेश गरेको माग निवेदन तथा स्वीकृत स्किम बमोजिम सहुलियत, छुट र सुविधा प्रदान गर्नका लागि उद्योग विभागले सम्बन्धित मन्त्रालय/निकायमा सिफारिस गरी पठाउने,

(ग) उद्योग विभागको सिफारिसका आधारमा यो सूचना बमोजिमको सहुलियत, छुट र सुविधा सम्बन्धित मन्त्रालय/निकायले सम्बन्धित उद्योगलाई उपलब्ध गराउने,

(घ) उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यलाई प्राथमिकता दिई स्वीकृत गर्ने,

(ङ) अक्सिजनको उपभोक्ता मूल्य समर्थन, माथिका क्रमसङ्ख्या बमोजिमका वित्तीय सहुलियत, छुट तथा सुविधा, सुविधाको उपयोग र तरल (लिक्विड) अक्सिजनको उत्पादन सम्बन्धमा सहजीकरण, समन्वय, अनुगमन तथा पुनरावलोकन गर्न देहाय बमोजिमको एक समिति गठन गर्नेः-

(१) सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय - संयोजक

(२) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(३) सह-सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य

(४) प्रतिनिधि, सम्बन्धित उद्योग - सदस्य

(५) सह-सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य-सचिव

**आज्ञाले,**

**अर्जुन प्रसाद पोखरेल**

**नेपाल सरकारको सचिव ।**